# सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक, २०७९

नगरसभाबाट स्वीकृत मिति: २०७९।१०।०९ गते

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७९ मा भएका केही व्यवस्था संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाइ लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **सूर्योदय नगरपालिकाको विनियोजन (प्रथम संशोधन) ऐन, २०७९** हुनेछ ।

(२) यो ऐन नगर सभाबाट पारित भई प्रमाणित भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७९"लाई जनाउनेछ ।

**३. मूल ऐनको दफा थप गरिएको:** मूल ऐनको दफा २. पछि देहाय बमोजिमको दफा २क. थप गरिएको छ ।

"२क. दफा २. मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकालाई वित्तीय हस्तान्तरण वापत प्राप्त हुने अनुदानमा थप वा घट भई वा यस ऐन बमोजिम कार्यक्रम संशोधन भई वार्षिक बजेट रकम थप वा घट हुन गएमा सोही बमोजिमको रकम संचित कोषबाट खर्च गर्न वाधा पर्ने छैन ।"